# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## सिसन सम्मेलनको पूर्व सन्ध्यामा गभर्नर डा. खतिवडा विभिन्न बैठकमा

दक्षिण पूर्वी एसियाली केन्द्रीय बैंकहरुको संगठन : सिसन (South East Asian Central Banks : SEACEN) को काठमाडौँमा हुन गइरहेको ४९ औं गभर्नर्स सम्मेलन तथा ३३ औं बोर्ड अफ गभर्नर्स बैठकको पूर्व सन्ध्यामा गभर्नर डा. युवराज खतिवडा र अन्तराष्ट्रिय मुद्रा कोषका डेपुटी मेनेजिङ डाइरेक्टर Mr. Naoyuki Shinohara लगायतका प्रतिनिधिबीच २०७० मंसिर ५ गते काठमाडौँमा बैठक सम्पन्न भयो ।



सो बैठकमा गभर्नर डा. खतिवडाले नेपालको वर्तमान आर्थिक अवस्थाको जानकारी गराउँदै नेपालको समष्टिगत आर्थिक परिसूचक सन्तोषजनक रहेको र वित्तीय क्षेत्र स्थायित्व बलियो बन्दै गएको बताउनु भयो । बैठकमा उहाँहरुबीच पारस्पारिक चासोका विषयहरु, नेपालले अवलम्बन गरेको विनिमयदर प्रणाली, कोषद्वारा प्रदान गरिने प्राविधिक सहयोग लगायतका विषयमा छलफल भएको थियो । सो बैठकमा डेपुटी मेनेजिङ डाइरेक्टर Mr. Shinohara ले कोषले निकट भविष्यमा नेपालको वित्तीय क्षेत्र अनुगमन तथा सुझाव कार्यक्रम (Financial Sector Assessment Program : FSAP) लागु गर्न लागेको चर्चा गर्दै सो कार्यक्रमबाट नेपालको वित्तीय क्षेत्र सुधारमा थप योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । डेपुटी मेनेजिङ डाइरेक्टर Mr. Shinohara सिसन सम्मेलनको उद्घाटन कार्यक्रममा Key Note Speaker का रुपमा वार्ता प्रस्तुत गर्न काठमाडौं आउनुभएको हो ।

यस अघि गभर्नर डा. खतिवडा र कोषका कार्यकारी निर्देशक Mr. Wimboh Santoso तथा सिसन सेन्टरका कार्यकारी निर्देशक Mr. Hookyu Rhu बीच समेत छुट्टाछुट्टै बैठकहरू सम्पन्न भएका थिए ।

गभर्नरको कार्यालय

मिति २०७० मंसिर ५ गते, बुधबार